राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ भाद्र १३ गते

सन्दर्भ: बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय दिन, अगष्ट ३०

**सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर ।**

तत्कालिन ने.क.पा.(माओवादी) द्वारा घोषित सशस्त्र द्वन्द्वको क्रममा सुरक्षा निकाय तथा द्वन्द्वरत पक्षबाट बलपूर्वक व्यक्ति बेपत्ता पार्ने तथा अपहरण गर्ने कार्य भएको थियो । बेपत्ता पारिएका व्यक्तिहरुको खोजवीनको लागि आयोगमा विभिन्न समयमा उजुरीहरु परेको र खोजविनको क्रममा आवश्यकता अनुसार आयोगले शवोत्खनन् कार्यसमेत गरी स्थिति सर्वजनिक गर्दै आएको छ । बेपत्ता पारिएका भनी आयोगमा पर्न आएका उजुरीहरु मध्ये ८४२ जनाको अवस्था हालसम्म पनि अज्ञात रहेको छ । विस्तृत शान्ति सम्झौता भएको १० वर्ष हुनलाग्दा पनि बेपत्ता व्यक्तिहरुको खोजवीन गरी स्थिति सार्वजनिक नगरिनु दुःखद् पक्ष हो ।

लामो समयसम्म बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक नहुँदा पीडित परिवारमा अनेक कानूनी अड्चन तथा थप मनोसामाजिक असर परेको देखिन्छ । राष्ट्रिय मानव अधिकार आयोगबाट व्यक्तिलाई बेपत्ता पार्ने कार्यमा संलग्न दोषी किटान गरी सिफारिस गरिसकेको अवस्थामा पनि कानूनी कारवाही प्रक्रिया अगाडि नबढाउँदा दण्डहीनताको अवस्था रहेको आयोगको ठहर छ ।

विस्तृत शान्ति सम्झौतामा उल्लेख भए अनुरुप सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लंघनका घटनाहरुको सम्बोधन गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भई कार्यरत रहेको अवस्था छ । बलपूर्वक बेपत्ता पार्ने कार्य जस्तो गम्भीर मानव अधिकार उल्लंघनबाट पीडित व्यक्तिलाई न्याय प्रदान गर्ने संयन्त्र कानूनी रुपमा सक्षम र प्रभावकारी हुनु अपरिहार्य छ । यस्ता संयन्त्रहरुले पीडितहरुलाई सत्य तथ्य जानकारी गराउने, दोषीलाई कारबाहीको लागि सिफारिस गर्ने र पीडित परिवारहरुलाई उचित क्षेतिपूर्ति तथा परिपूरणको सुनिश्चितताका लागि स्वतन्त्र र निश्पक्ष भई कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ । बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरुको खोजवीन गरी स्थिति सार्वजनिक गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal